Regd. No.: 235243/076/077 PAN No.: 602464109

MABILUNG ENERGY LTD.

Lalitpur-10, Nepal

Ref No.: 129-082/083

MABILUNG ENERGY LTD. Lalitpur, Nepal

मितिः २०८३/०३/२६

श्रीमान् प्रमुख ज्यू,
नेपाल धितोपत्र बोर्ड
ललितपुर ।

विषयः आ.व. २०८१/८२ को वार्षिक साधारण सभा सम्पन्न भएको तथा संचालक समिति चयन गरिएको जानकारी सम्बन्धमा ।

महोदय,

यस कम्पनीको मिति २०८३/०२/२६ र २०८३/०२/२७ मा बसेको सञ्चालक समितिको निर्णय बमोजिम आह्वान भएको कम्पनीको छैठौं वार्षिक साधारण सभा (आर्थिक वर्ष २०८१/८२) मिति २०८३/०३/२६ गते, कुपण्डोल बैंक्वैट ललितपुरमा दिनको ११ बजे आयोजना गरी सफलतापूर्वक सम्पन्न भएको व्यहोरा जानकारी गराईन्छ । साथै साधारण सभाबाट निम्न संचालकहरु ४ बर्षे कार्यकालका लागि निर्विरोध निर्वाचित भएको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ । .

| क्र.स. | नाम | पद |
|---|---|---|
| १. | श्री होम बहादुर श्रेष्ठ | सञ्चालक (संस्थापक शेयरधनी समुह) |
| २. | श्री आँचल मास्के श्रेष्ठ | सञ्चालक (संस्थापक शेयरधनी समुह) |
| ३. | श्री शिवराज भण्डारी | सञ्चालक (संस्थापक शेयरधनी समुह) |
| ४. | श्री भुपेन्द्र प्रसाद जोन्छे | सञ्चालक (सर्वसाधारण शेयरधनी समुह) |
| ५. | श्री निलिमा नेःवा जोशी | स्वतन्त्र बिशेषज्ञ सञ्चालक |

साथै कम्पनीको सञ्चालकहरुको मिति २०८३।०३।२६ गते बसेको बैठकबाट सञ्चालक समितिको अध्यक्ष पदमा श्री होम बहादुर श्रेष्ठ सर्वसम्मत चयन हुनु भएको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

वोधार्थ
श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरबार प्लाजा, काठमाडौं ।
श्री विद्युत नियमन आयोग, सानो गौचरण, काठमाडौं ।
श्री विद्युत विकाश विभाग, सानो गौचरण, काठमाडौं ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लि. पुतलीसडक, काठमाडौं

..................
सजल मास्के
कम्पनी सचिव

MABILUNG ENERGY LTD.
Lalitpur, Nepal

## माबिलुङ्ग ईनर्जी लि. को छैटौं बार्षिक साधारण सभाको निर्णय पुस्तिका

मिति २०८३/०३/२६ गते शुक्रबार,
समय: बिहान ११:०० बजे ।
स्थान: कुपन्डोल बैंक्वेट, कुपण्डोल ललितपुर ।

उपस्थिती शेयर सदस्य संख्या: १८५ जना

प्रतिनिधित्व शेयर थान : २०,२३,६०७ थान

प्रतिनिधित्व प्रतिशत: ५२.४९ प्रतिशत (उपस्थीती सम्बन्धी विवरण छुट्टै अभिलेख राखिएको ।)

सभाको बैधानिकता:
क) सूचना प्रकाशन कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम
प्रथम पटक: मिति २०८३/०३/०३ आर्थीक अभियान दैनिक
दोश्रो पटक मिति २०८३/०३/१२ न्यूज ट्वान्टी फोर दैनिक
कम्पनीको सूचनापाटी तथा वेवसाईटमा समेत प्रकाशन गरिएको

ख) गणपुरक संख्या:
कम्पनी ऐन २०६३ को दफा ७३(२) र कम्पनीको स्विकृत नियमावलीको नियम २३ बमोजिम ५१ प्रतिशत शेयरको प्रतिनधित्व गर्ने शेयरधनीहरु स्वयम् वा शेयरधनीको प्रतिनिधि मार्फत उपस्थिती हुनु पर्नेमा सो भन्दा बढि शेयरको प्रतिनधित्व हुने गरी उपस्थिती भएकोले सभाको सञ्चालनका लागि गणपुरक संख्या पुगेको ।

**बार्षिक साधारण सभाका प्रस्तावहरु:**

क) साधारण प्रस्तावहरु:

१) बार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२) आ.व. २०८१/०८२ को लेखा परिक्षण प्रतिवेदन र सोही आ.व. को बार्षिक वित्तीय विवरण अन्तर्गत वासलात, नाफा नोक्सान, हिसाब, नगद प्रबाह विवरण, ईक्विटीमा भएको परिवर्तन र सोसंग सम्बन्धित सम्पूर्ण अनुसुचीहरु अनुमोदन गर्ने सम्बन्धमा ।
३) कम्पनीको आ.व. २०८२/०८३ को लेखा परिक्षण गर्न कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम लेखा परिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा । (हालका लेखा परिक्षक: चार्टड एकाउण्टेन्ट के.सी. सापकोटा एण्ड एशोसिएट्स पुन: नियुक्ती हुन सक्नेछन् )
४) संस्थापक शेयरधनी समुहका सञ्चालक-३, सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने सञ्चालक-१ (एक) को निर्वाचन तथा स्वतन्त्र विशेषज्ञ सञ्चालकको मनोनयन सम्बन्धमा ।

ख) बिशेष प्रस्ताव:

१) कम्पनीको सञ्चालक समितिमा संस्थापक शेयरधनी समुहबाट-३, सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने-२ (दुई) तथा स्वतन्त्र विशेषज्ञ सञ्चालक-१ गरी ६ (छ) जनाको सञ्चालक समिति हुने गरी नियमावलीको नियम २७(२) मा संशोधन गर्ने सम्बन्धमा ।

ग) विविध सम्बन्धमा ।

**छलफल तथा निर्णयहरु**

क. साधारण प्रस्तावहरु

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा कम्पनीका सञ्चालक अध्यक्ष श्री होम बहादुर श्रेष्ठले कम्पनीको गतिविधिहरुको जानकारी गराउदै प्रस्तुत गर्नु भएको कम्पनीको कार्य प्रगती प्रतिवेदन उपर छलफल हुदाँ निम्न शेयरधनीहरुले् राख्नु भएको लिखित तथा मौखिक जिज्ञासा एवम् सुझाव अध्यक्षज्यूले जवाफ दिनु भए पश्चात प्राप्त सुझावहरु कम्पनीको अभिलेखमा राख्ने गरी सर्व सम्मतिवाट पारित गर्ने निर्णय गरियो ।

छलफलमा लिखित तथा मौखिक जिज्ञासा एवम् सुझाव राख्ने सहभागी शेयरधनीहरु:

| | |
|---|---|
| १. श्री सत्रुधन श्रेष्ठ | २. श्री भेषराज भण्डारी |
| ३. श्री जगन्नाथ आचार्य | ४. श्री बैजुमान रौनियार |
| ५. श्री सुदिप श्रेष्ठ | ६. श्री ब्रम्हदेव शाक्य |
| ७. श्री निरुपमा गुप्ता | ८. श्री ईन्द्र प्रसाद लामिछाने |
| ९. श्री गोविन्द बहादुर के.सी. | १०. श्री युगल बसेल |
| ११. श्री लक्ष्मण बहादुर श्रेष्ठ | |

२. प्रस्ताव नं. २ माथी छलफल गर्दा कम्पनीको आ.व. २०८१/०८२ को लेखापरिक्षण प्रतिवेदन उपर छलफल हुँदा कम्पनीको हिसाव कितावको लेखापरिक्षण गर्नका लागि नियुक्त चार्टड एकाउण्टेन्ट के.सी. सापकोटा एण्ड एशोसिएट्सबाट तयार पारी पेश गर्नु भएको यस कम्पनीको लेखा परिक्षण प्रतिबेदन मनासिव रहेको हुंदा सर्वसम्मतिवाट पारित गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथी छलफल गर्दा कम्पनीको आगामी आ.व. २०८२/०८३ को लेखा परिक्षण गर्न चार्टड एकाउण्टेन्ट के.सी. सापकोटा एण्ड एशोसिएट्सलाई नियुक्ती गर्ने निर्णय गरियो । साथै नेपाल चार्टड एकाउण्टेण्ट संस्था ICAN ले तोकेको कारोवारको रकम अनुसार न्यनतम पारिश्रमिक उपलब्ध गराउने गरी निर्धारण गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ सम्बन्धमा छलफल गर्दा सञ्चालक समितिको निर्वाचनका लागि नियुक्त निर्वाचन अधिकृत श्री रत्न सुन्दर खुजु रहेको निर्वाचन समितिबाट आगामी ४ बर्षे कार्यकालका लागि निम्न बमोजिमको सञ्चालक समिति निर्विरोध निर्वाचित भएको घोषणा गरियो ।

| क्र.स. | नाम | पद |
|---|---|---|
| १. | श्री होम बहादुर श्रेष्ठ | सञ्चालक संस्थापक समुह |
| २. | श्री आँचल मास्के | सञ्चालक संस्थापक समुह |
| ३. | श्री शिवराज भण्डारी | सञ्चालक संस्थापक समुह |
| ४. | श्री भुपेन्द्र प्रसाद जोन्छे | सञ्चालक सर्वसाधारण समुह |
| ५. | श्री निलिमा ने:वा जोशी | स्वतन्त्र सन्चालक |

ख) बिशेष प्रस्तावः

१) कम्पनीको सञ्चालक समितिमा संस्थापक शेयरधनी समुहबाट-३, सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने-२ (दुई) तथा स्वतन्त्र विशेषज्ञ सञ्चालक-१ गरी ६ (छ) जनाको सञ्चालक समिति हुने गरी कम्पनीको नियमावलीको नियम २७(२) मा निम्न बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

नियम २७(२) यस कम्पनीमा ६ (छ) जनाको सञ्चालक समिति हुनेछ । जसमध्ये संस्थापक शेयरधनी समुहवाट ३ (तिन) जना तथा सर्वसाधारण शेयरधनी समुहवाट २ (दुई) जना गरी ५ ( पाँच) जना संचालक नियुक्त वा निर्वाचित हुनेछन् र जसमध्ये एक (१) जना महिला संचालक रहनेछ । त्यस्तै एक (१) जना स्वतन्त्र व्यवशायिक बिशेषज्ञ सञ्चालक रहनेछन् ।

ग. बिबिध सम्बन्धमा छलफल गर्दा मिति २०८०/०८/२१ को बार्षिक साधारण सभाबाट सञ्चालक समितिको अध्यक्षलाई प्रति वैठक भत्ता रु ४,०००/- र सञ्चालकलाई प्रति वैठक भत्ता रु ३,०००/- दिने निर्णलाई समेत यस साधारण सभाबाट समेत अनुमोदन गर्दै सभा समापन गरियो ।

प्रमाणित गर्ने

MABILUNG ENERGY LTD.
Lalitpur, Nepal

| | |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः सजल मास्के | नामः होम बहादुर श्रेष्ठ |
| पदः कम्पनी सचिव | पदः अध्यक्ष |